नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

नेपाली राजदूतावास
सिओल

# अत्यन्त जरुरी सूचना

उच्च शिक्षा अध्ययनका लागि दक्षिण कोरिया आउने प्रक्रियामा रहेका नेपाली विद्यार्थीहरूबाट नेपालस्थित शैक्षिक परामर्शदाताहरूले **भिसा कोड फी वा कोड भिसा फी (Code Visa Fee)** का नाममा ठूलो रकम माग गर्ने गरेको, भिसा कोडका नाममा माग गरिएको यस्तो रकम नदिएमा कोरियाको भिसा नलगाइदिने र प्राप्त भएको भिसा समेत रद्द गराइदिने धम्की दिई गैरकानूनी रूपमा अत्यधिक रकम (अमेरिकी डलर ३,०००।०० सम्म) असुल्ने गरेको भनी पीडित विद्यार्थी तथा अभिभावकहरूबाट यस राजदूतावासमा गुनासोहरू प्राप्त हुने क्रम बढेको हुँदा यसप्रति नेपाली राजदूतावास, सउलको गम्भीर ध्यानाकर्षण भएको छ।

दक्षिण कोरियाको सम्बन्धित निकायसँग यसबारेमा राजदूतावासले बुझ्दा अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई D-2 वा D-4 भिसावापत आधिकारिक रूपमा ६०.०० अमेरिकी डलर (US$ 60) मात्र भिसा शुल्क लाग्ने गरेको र यसबाहेक Confirmation of Visa Issuance Number (Visa Code) प्राप्त गर्नको लागि कुनै पनि अतिरिक्त शुल्क नलाग्ने जानकारी प्राप्त हुन आएको छ।

अतः अध्ययनका लागि दक्षिण कोरिया आउने विद्यार्थीहरूसँग Visa Code वा Code Visa वा अन्य कुनै पनि सेवा शुल्कका नाममा अतिरिक्त रकम नअसुल्न र नेपाली विद्यार्थीहरूलाई गैरकानुनी रूपमा धाक-धम्की नदिन नेपाली राजदूतावास, सउल सम्बन्धित सबै शैक्षिक परामर्शदाताहरूसँग अनुरोध गर्दछ। साथै, अध्ययनका लागि दक्षिण कोरिया आउन चाहने नेपाली विद्यार्थीहरूलाई समेत आफूले अध्ययन गर्न चाहेको विश्वविद्यालय/कलेजको अवस्था, अध्ययन गर्ने कोर्स, अध्ययन शुल्क, अध्ययन/अध्यापनको माध्यम भाषालगायतका विषयहरू आफैंले राम्रोसँग अध्ययन गरेर र बुझेर मात्र आउनुहुन सम्बन्धित सबै विद्यार्थीहरूसँग राजदूतावास अनुरोध गर्दछ।

नेपाली राजदूतावास, सउल
वि. सं. २०८२ फागुन २२

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]